# सिंजा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## नराकोट, जुम्ला

# सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम ।

<u>प्रस्तुतकर्ता</u>

पूर्ण प्रसाद धिताल

गाउँपालिका अध्यक्ष

मितिः २०८३/०३/१०

सिंजा गाउँपालिकाको १८ औं गाउँ सभाका उपाध्यक्ष ज्यू तथा सम्पूर्ण सदस्य ज्यूहरु

सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सिंजा गाउँपालिका नेपालको सांस्कृतिक गौरव, ऐतिहासिक सम्पदा र भाषिक पहिचान भएको खस सभ्याताको केन्द्र हो । यस पालिकाले दोस्रो कार्यकालको प्रथम वर्षमा तय गरेको नीति कार्यक्रम र निर्वाचन घोषणा पत्र अनुसार दिगो, समावेशी, प्रविधिमैत्री र जनउत्तरदायी स्थानीय शासनको अभ्यासलाई संस्थागत गर्दै झण्डै ८० प्रतिशत लक्ष्य हासिल गरि आर्थिक वर्ष २०८३।८४ का लागि निम्न बमोजिमका नीति तथा कार्यक्रमहरू ल्याउने अबसर प्राप्त गरेको छ।

गाउँ सभाका सदस्य ज्यूहरु अब म आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रमलाई विषयगत रुपमा प्रस्तुती गर्ने अनुमति चाहन्छु ।

## लघु घरेलु उद्यमशिलता र रोजगारी सिर्जनातर्फ

१. उद्यम विकासका लागि फर्म, समुह, सहकारी, लघु तथा घरेलु उद्योग विकासका लागि स्तरउन्ती गर्न व्यवससाय अभिमुखीकरणा उद्यमशिलता, शिप विकास तथा प्रविधी सहयोग बजारीकरण र वित्तिय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

२. वेरोजगार विशेषगरी यूवा महिला दलित गरिव तथा अति गरिव वर्गका लक्षित समुदायहरुलाई व्यवसाय क्षमता विकास गर्न रोजगार, मेड्पा र अन्य गैर सरकारी संघ संस्थाहरुको समन्वयमा दिगो रोजगारी सिर्जनाका लाग उद्यमशिलता विकासका कार्यक्रम संचालन गरिनेछ ।

३. सिंजा गापाका सृजनसिल व्यवसायीहरुलाई नेपाल सरकार, प्रदेश सरकारबाट संचालन गरिने स्टाटअफ कर्जा उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।

५ स्थानिय स्रोत साधन बजार र जनताको मागको आधारमा मेड्पा र रोजगार कार्यक्रमबाट नयाँ लघु तथा घरेलु उद्यमी सिर्जना गरिनेछ।

## <u>सहकारी सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. सिंजा गा पा भित्रका सबै सहकारी हरुको अभिलेखिकरण गरि उक्त सहकारीहरुको क्षमता विकास गरिनेछ ।

२. सहकारी कर्मचारीहरुलाई कोपोमिस, सदस्यहरुलाइ वितीय, साक्षारता र सहकारी व्यवस्थापन तालिम सञ्चालन गरिने छ ।

३. पालिकामा रहेका सबै सहकारीहरुको अनुगमन गरि लेखा र कारोवार दुरुस्त राख्न लगाईने छ र सदस्यहरुको बचतको सूरक्षागर्न आवश्यकक कदम चालिने छ ।

४. विगतमा गरिवी निवारण कोषद्धारा लगानी गरिएका समुहहरुलाई पुन जागृत गरि ती कोषहरु सक्रीय पारीने छ

**कृषि विकास तर्फ**

१. बाझो जमिन उपयोग कार्यविधि एवम रणनितिक विश्लेषण सहित मापदण्ड पुरागरी बाझो जग्गा रहित वडा तथा पालिका घोषणा गरिनेछ  यसका लागि आवश्यक औजार मल र उत्खन्न अनुदानको व्यवस्था गरिनेछ ।
२. खाद्य सुरक्षा सुनिश्चितताका लागी खाद्यमा पहुच पुर्याउन उत्पादन वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
३. खेतीयोग्य जमिनको उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न सिंचाई आयोजनालाई प्राथामिकता दिईनेछ ।
४. रैथाने बाली प्रवर्द्धन तथा संरक्षण गर्दै सुरक्षित स्वास्थ्य आत्मनिर्भर र वातावरणमैत्री कृषि प्रणाली निर्माणका लागी  फापर, चिनो, कागुनो जुम्ली मार्सी, सिमी लगायतका बालीलाई प्राथामिकता दिईनेछ ।
५. एक वडा एक कृषि प्राविधिक ब्यवस्था मिलाईनेछ ।
६. कृषि उत्पादनको प्रवर्द्धन तथा बजारीकरणका लागी कृषि एम्बुलेन्स र ब्यवस्थित हाट बजारको ब्यवस्था गरिनेछ ।
७. यूवालाई व्यावसायीक कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा आकर्षित गर्न बैंकहरु संग समन्वय गरी सरल कृषि कर्जामा ब्याज अनुदान दिइनेछ ।
८. कृषिमा नवप्रवर्द्धन वा यन्त्रीकरणलाई प्रवर्द्धन गर्दै कृषि उत्पादन तथा उत्पादकत्व बृद्धीका लागी कृषकस्तरको तालिम र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
९. कृषि तथा पशुपंक्षीको विमा कार्यक्रम सञ्चालनमा सहलगानी गरिनेछ ।

१०. कृषि उत्पादनलाई बजार संग आवद्ध गरी कृषिको बजारीकरण र उत्पादनको उचित मूल्य सहित बिक्री वितरण गर्ने उत्पादक वितरक र उपभोक्ता विचको अन्तर आवद्धता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कृषि बालीको सुरक्षा र उत्पादनको संरक्षण गर्न एकीकृत शत्रुजिव ब्यवस्थापन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. मल विउ र किटनाशक विषादीको उपलब्धको सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. कार्यालय ब्यवस्थापनको कार्य तिव्र रुपमा अघाडी बढाईनेछ ।

१४. माटो परिक्षण शिविर तथा बाली उपचार शिविर सञ्चालन तथा कृषि प्रयोगशाला स्थापना गरिनेछ ।

१५. हाल अवैध रुपमा प्रयोगहुदै आएको झारपात नाशक रासायनीक विसादी (ब्युटाकलर) पूर्ण रुमा नियन्त्रण गरिनेछ ।

१६. बन तथा बाली संरक्षणको लागि प्रमपरागत रुपमा रहेको नरालो प्रथालाई पूर्नस्थापना गरीनेछ ।

१७. संघ, प्रदेश र नास्ट संग समन्वय गरी सिंचाईको अभाव भएका वडा नं. १ को भुर्केडिल वडा नं. २ को रनुखान र वडा नं. ३ को चाफेसेरा ज्युलामा लिफ्ट प्रविधि मार्फत सिंचाई आयोजना संचालन गर्न पहल गरिनेछ ।

## पशुपन्छी विकास

१. पशुपन्छीको औषधि तथा उपचार सेवाको लागी आवश्यक बजेट बिनियोजन गरी पशु स्वास्थ्य सेवा लाई प्रभाबकारी रुपमा अगाडी बढाइने छ।

२. पशुपन्छीलाई महामारी रोगविरुद्धको खोप कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३. उन प्रशोधन तथा प्रवर्द्धन कार्यक्रमका लागि व्यवस्था मिलाइनेछ।

४. पशुपन्छी पालक व्यावसायिक कृषकका पशुहरूमा नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. पशुपालन क्षेत्रको विकासका लागि कृषकहरूलाई तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

६. पशुपन्छीमा उत्पादकत्व बढाउन पशु पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

७. मासु तथा अण्डाको उत्पादकत्व बढाउन ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
८. चरन खर्क सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
९ .पशुजन्य उत्पादनमा आधारित अनुदान कार्यक्रम सुरूवात गरिनेछ।

**<u>रोजगार, सीप तथा उद्यमशीलता</u>**

१. रोजगारी सृजनाका लागि संघ प्रदेश र पालिकाको साझेदारीमा रोजगारी सृजनाका लागि विविध कार्यक्रमहरु
संचालन गरिनेछ ।
२. पालिकामा रहेका वन पैदावार कृषि तथा जडिबुटी जन्य साना तथा घरेलु उद्योग संचालन गरी रोजगारी सृजना
गरिनेछ ।
३. विकास आयोजनाहरुको छनौट गर्दा उत्पादनमुलक रोजगारी सृजना हुने खालका आयोजनाहरु छनौट गरिनेछ ।
४. स्वदेशी तथा वैदेशिक रोजगार सम्बन्धी सूचना संकलन तथा सम्प्रेषण गरिनेछ ।

**<u>राष्ट्रिय परिचय-पत्र</u>**

१. सामाजिक सुरक्षा सेवालाई सरल तथा प्रभावकारी बनाउन जनशक्ति विकास, उपकरण तथा सफ्टवयर ब्यवस्था
र तेस सम्बन्धी तालिम संचालन गरिनेछ ।
२. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी सप्ताह अभिमुखीकरण संचालन गरिनेछ ।
३. जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय संग समन्वय गरी राष्ट्रिय परिचय पत्रको कार्ड उपलब्ध गराउन पहल गरिनेछ ।

**<u>शिक्षा युवा तथा खेलकुद</u>**

१. SMART कक्षा कोठा SMART सिकाई प्रबर्द्धन गर्न तालिम प्राप्त जन शक्ति सहित प्रबिधि मैत्री सिकाईलाई प्राथमिकता दिईनेछ ।

२. पठनपाठन, परीक्षा सञ्चालन तथा मुल्याङ्कन प्रणालिलाई अझै प्रभाबकारी बानईने छ ।

३. अभिभाबक शिक्षालाई जोड दिइनेछ ।

४. कक्षा १ देखि ५ सम्म स्थानीय खस भासामा पाठ्यपुस्तक निर्माण गरिनेछ ।

५. खेलमार्फत युवा र बिद्यार्थिलाई सकारात्मक चेतनाको बिकास गराउन नियमित सञ्चालन गरिदै आएको अध्यक्ष

कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनुका साथै यस बर्ष थप युवालक्षित खेलकुदलाई पनि बढवा दिईनेछ

६. बिध्यालयको सिकाई बाताबरणलाई प्रतिस्प्रधात्मक बनाउन अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ ।

७. नतिजामा आधारित शिक्षक बिद्यार्थि कार्यक्रमलाई बढवा दिईने छ ।

८. सिंजा गाउँपालिकाको केन्द्रमा रहेको चंखुचाँगामा व्यवस्थित खेल मैदान निर्माण गरिनेछ ।

९. खेल मैदानका लागि जग्गा प्राप्त गर्ने पहल गरी सबै वडाहरुमा कम्तीमा एउटा खेल मैदान निर्माण गरिनेछ ।

## स्वास्थ्य तर्फका कार्यक्रम

१. सिंजा बासीलाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन, पूर्णखोप युक्त पालिका, शुन्यघर सुत्केरी, पोषणमैत्री स्वास्थ्य संस्था आमा र शिशु मृत्युदर न्यूनिकरण र पूर्ण संस्थागत सुत्केरी सेवामा जोड दिइनेछ ।

२. जेष्ठनागरिक घरदैलो तथा समुदाय सरसफाई र सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. हाल संचालनमा रहेका सबै स्वास्थ्य संस्थालाई कायमै राखी स्वास्थ्य सेवामा थप प्रभावकारी बनाईनेछ ।

४. नसर्ने रोग, मानसिक स्वास्थ्य तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवामा विशेष प्राथमिकता दिइनेछ।

५. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै अति विपन्न तथा लक्षित परिवारहरूको स्वास्थ्य सेवामा आर्थिक पहुँच अभिवृद्धि गरिनेछ।

६. विपद्, महामारी तथा स्वास्थ्य आपत्कालीन अवस्थाको व्यवस्थापन तथा प्रतिकार्य क्षमता अभिवृद्धि गरिनेछ।
७. सिंजामा प्रादेशिक अस्पतालको लागि जग्गा प्राप्ति तथा निर्माणका लागि स्थानीय जनसमुदाय, प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार संस्था संग समन्वय गरिनेछ ।
८. सिंजामा डक्टारको सेवा सहित टेलिमेडिसिन तथा विशेषज्ञ स्वास्थ्य परामर्श सेवाको सुरुगरिनेछ ।
९. स्वास्थ्य संस्थाहरूलाई क्रमशः डिजिटल तथा सेवाग्राहीमैत्री बनाउँदै गुणस्तरीय सेवा प्रवाहमा जोड दिइनेछ।

**<u>महिला तथा बालबालिका</u>**

१. हाल सम्म घोषणा गरिएका वडा नं. ६ २ ४ र ३ वडालाई बालविवाह मुक्त वडामा निरन्तरता दिदै वडा नं. १ र ५ वडामा मापदण्ड पुरागरी बालबिवाह मुक्त वडा घोषणा गरी वाल विवाह मुक्त गाउँपालिका घोषणा गरिनेछ
२. बालमैत्री स्थानीय तह र बालश्रममुक्त वडा तथा पालिका घोषणाका लागि तथ्यांक संकलन तयारी गरी वडा तथा पालिका घोषणा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ साथै सूचक पुरा भएका वडा तथा पालिकालाई क्रमिक रुपमा बालमैत्री र बालश्रम मुक्त वडा घोषणा गरिनेछ ।
३. पालिका द्धारा व्यवस्थान गरिएको सिंजा बालगृहलाई निरन्तरता दिई थप स्तरिय बनाइनुका साथै लैङ्गिक हिंसामा परेका महिलाहरुको उद्धार,राहत र पुर्नरस्थापन कार्यक्रमलाई प्राथमिकता साथ सञ्चालन गरिनेछ ।
४. विधालय तथा समुदायमा बाल क्लव गठन तथा संचालन कार्यविधि निर्माण गरी सुचिकृत प्रक्रियामा लैजाने व्यवस्था मिलाउने ।
५. लैङ्गिक हिंसा लगायतका सामाजिक बिकृति विसंगतीलाई न्यूनिकरण गर्नका लागि प्रत्येक वडा स्तरमा महिला पूरुष समसचेतना कार्यक्रम, सासु बुहारी अन्तरपुस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

६. बिभिन्न पेशा व्यवसायमा आवद्ध महिलाहरुलाई नेर्तृत्व बिकास तालिम सञ्चालन, उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन, पालिका स्तरीय महिलाहरुको बिचमा प्रतिषप्रधात्मक कार्यक्रम सञ्चालन, महिला सिप बिकास तालिम सञ्चालन, महिला उधमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

७. यस आ.व.मा प्रत्येक वडा स्तरीय महिला समुह, किशोरी समुह, पालिकास्तरीय महिला सञ्जाल गठन र अभिलेखीकरण, तिनिहरुलाई क्षमता अभिवृद्धि, नेतृत्व बिकास तालिम सञ्चालन गर्नुका साथै समाजमा घट्ने गरेको विकृति विसंगती कुरिति कुसंस्कार विरुद्धमा सचेतना जगाउने जिम्मेवारी प्रदान गर्ने र उनिहरुको नेतृत्व विकासका कार्यक्रममा जोड दिने ।

८. महिला तथा बालबालिका शाखामा सम्वन्धित सबै खालका दिवसहरुलाई जोड दिई भव्यताका साथ मनाईने छ । (बाल दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अपाङ्गता दिवस, महिला दिवस लगायतका अन्य दिवसहरु

९. गाउँपालिकाले लैसअसास परिक्षण (GEDSI Audit) गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिर्नेछ ।

१०. जेष्ठ नागरिक संजाल गठन गरिनेछ र वहाहरुको अधिकार संरक्षण गर्दै सम्मान र सहज जिवन यापनमा जोड दिइनेछ ।

११. बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गरिनेछ ।

१३. मानव वेचविखन तथा ओसार पसार, लागु औषध दुरव्यसनीका कार्यक्रममा नेपाल प्रहरीसँग मिलेर प्रत्येक वडामा संचालन गरिने छ ।

१४. बालकोष तथा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गरिनेछ ।

१५. अपाङ्गता परिचय पत्र वितरण सम्वन्धि स्थानिय समन्वय समितिका पदाधिकारी र बाल अधिकार समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम संचालन गराईनेछ ।

१६. अपाङ्गता भएका व्यक्ति लक्षित अपाङ्ग मैत्री संरचना निर्माण तथा सहज सेवा पहुँचमा वृद्धिगरिनेछ ।

**<u>स्वास्थ्य तथा पोषण</u>**

१. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइने छ।

२. सुनौलो १००० दिन लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने।

३. स्थानीय तथा रैथाने अर्गानिक खानालाई प्राथमिकता दिई पोषणमैत्री कार्यक्रम संचालन गरिनेछ ।

४. बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने।

**<u>वन वातावरण तथा विपद् व्यवस्थापन</u>**

१. विपद् व्यवस्थापनका लागि स्वंयमसेवकहरुलाई तालिम र सामग्रि हस्तान्तरण गरिने छ ।
२. विपद् प्रतिकार्यको पूर्वाभ्यास कार्यक्रम तथा विपद् सम्बन्धि जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।
३. विपद् बाट प्रभावितहरुका घरहरु पुनस्थापना र पुननिर्माणमा निरन्तरता दिदै लाभग्राहीहरुको अन्तिम किस्ता रकम उपलब्ध गराईनेछ ।
४. विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाइनेछ ।
५. नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि पारित गरी अबैध उत्खन्न रोक्ने र विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना लाई थप सुधारेर कार्यन्वयनमा ल्याइने छ ।
६. वातावरण संरक्षण सम्बन्धि योजनाहरु बनाएर वृहत वृक्षारोपण कार्यक्रम अभियानका रुपमा लिइने छ ।
७. वन पैदावार जथाभावि चोरी निकासीमा कडा प्रतिवन्ध लगाइने छ ।
८. सबै वडामा विपद् गोदाम कक्ष स्थापना गरी विपद् उद्धार सामाग्रीको व्यवस्था गरिनेछ ।
९. गाउँपालिकामा सञ्चालनमा रहेको विपद् पुर्व सुचना प्रणालि साइरनका वारेमा सूचना प्रचार प्रसार सहित वडा र पालिकाका सम्बन्धित व्यक्तिहरुलाई तालिम दिइने छ ।
१०. फोहोरमैला व्यवस्थापनका लागि आवश्यक आर्यक्रम ल्याइने छ ।
११. वैकल्पिक उर्जा उपयोगलाइ प्रोत्साहन गरिन् छ ।
१२. सिंजा गाउँपालिका भित्रका पानिका स्रोतहरु र सिमसार क्षेत्रको संरक्षण तथा दिगो उपयोग सम्बन्धि कार्यक्रम ल्याइने छ ।
१३. जैविक विविधता वातावरण संरक्षण प्राकृतिक सम्पदाको संरक्षणका लागि कार्यक्रम ल्याइने छ ।

## राजस्व संकलन

१. गाउँपालिकाको आर्थिक ऐनमा सम्भावित राजस्वको करको दायरा वढाइने छ ।
२. वडा कार्यालयका र पालिकाका शाखा प्रमुखहरुलाइ राजस्व सफ्टवर्य सम्वन्धि तालिम दिइने छ ।
३. राजस्व प्रशासन सुधारका लागि योजना र कार्यक्रम ल्याइने छ ।

## सेवा प्रभाह

१. आन्तरिक राजस्व कार्यालय जुम्लाबाट प्रवाह हुदै आएका करदाता सेवाहरु (कर चुक्ता, व्यक्तिगत पाना नं. र व्यवसायीक पाना नं. उपलब्ध गराउन) सिंजा गाउँपालिकामा आ.व. २०८३/०८४ को साउन महिनाबाट संचालन गरिनेछ त्यसको लागि आवश्यक उपकरण र जनशक्ति व्यवस्था गरिनेछ ।
२. न्यायिक समिति इजलास निर्माण र संचालनको लागि व्यवस्था गरिनेछ ।
३. जिल्ला सुरक्षा समिति संग समन्वय गरी सिंजा गाउँपालिकाको केन्द्र नराकोटमा शसस्त्र प्रहरी क्याम्प स्थापनाको लागि पहल गरिनेछ, जसबाट सिंजाली जनतालाई विपद् व्यवस्थापन सुरक्षा व्यवस्थापन हुनेछ ।
४. राष्ट्रय प्रशारण लाइन नपुगेका वस्तिहरुमा नेपाल विधुत प्राधिकरण संग समन्वय गरी विधुत जडान गरिनेछ
५. सिंजा गाउँपालिकाको भवनमा कार्यालय रहने गरी राष्ट्रिय बाणिज्य बैंकको सिंजा शाखा संचालन गरिनेछ ।

## योजना निर्माण तथा कार्यन्वयन

१. प्रत्येक वडामा योजनाहरुलाई व्यवस्थित गर्न टोल विकास संस्था गठन गरी सो मार्फत योजना कार्यान्वयन गरिनेछ ।

४. योजनाका उपभोक्ता समितिहरुलाई क्षमता अभिवृर्दि कार्यक्रम संचालन गरिनेछ ।

५. योजना छनौट प्रक्रियाहरुलाई 7 Step सँग आवद् गर्न जनप्रतिनिधि र कर्मचारीलाई तालिम प्रदान गरिनेछ

६. पालिकामा बेरुजु न्यूनिकरण अभियानलाई थप प्रभावकारी बनाइनेछ ।

**वित्तिय व्यवस्थापनः**

१. स्थानिय स्रोत साधनको अधिकतम पहिचान गरी कुशल र मितव्ययी परिचालन तथा प्रभावकारी नतिजा हाँसिल गर्न जोड दिईनेछ।

**राजस्व परिचालन तथा वृद्धि**

१. करका दर कम गर्दै करका दायरा विस्तार गरिनेछ ।
२. बक्यौता असुली पुराना बाँकी बक्यौता कर असुलीलाई तीव्रता दिईनेछ।
३. कर संकलन प्रणालीलाई प्रविधिमैत्री र पारदर्शी बनाउने।

**बजेट कार्यान्वयन र खर्च नियन्त्रण**

१. बजेट वार्षिक बजेटलाई मितव्ययी ढंगले खर्च गरी पूर्ण कार्यान्वयन गरिनेछ।
२. चालू खर्च कटौती  अनुत्पादक र प्रशासनिक खर्चलाई न्यूनतम बनाउने नीति लिईनेछ।
३. रकमान्तर व्यवस्था बजेट रकमान्तर गर्ने कार्यलाई कडा र व्यवस्थित बनाउने।
१. सार्वजनिक सुनुवाइ वित्तीय खर्चहरूको चौमासिक रूपमा सार्वजनिक विवरण प्रकाशन गर्ने व्यवस्था मिलाईने छ।

**आन्तरिक नियन्त्रण र बेरुजू व्यवस्थापन**

१. बेरुजू फछ्र्यौट  पुराना बेरुजूहरूलाई वर्गीकरण गरी फछ्र्यौट गर्ने विशेष कार्ययोजना ।
२. जोखिम न्यूनीकरण आर्थिक कारोबारमा हुन सक्ने अनियमितता रोक्न आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिइनेछ ।

**सार्वजनिक सुनुवाइ तथा वित्तीय पारदर्शिता बजेट**

१. प्रतिवेदन प्रकाशन चौमासिक र वार्षिक आय(व्यय विवरण नागरिकका लागि प्रकाशन गर्ने खर्च।
२. वित्तीय सार्वजनिक सुनुवाइ आर्थिक कारोबारलाई पारदर्शी बनाउन आयोजना गरिने सार्वजनिक सुनुवाइ कार्यक्रम

**भौतिक पूर्वाधार विकास क्षेत्र**

**सडक तथा यातायात पूर्वाधार**

१. गाउँपालिकाभित्रका सबै वडा केन्द्रलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोड्ने नीति अवलम्बन गर्ने ।

२. कृषि, शिक्षा, स्वास्थ्य तथा पर्यटनसँग सम्बन्धित सडकलाई प्राथमिकताका साथ स्तरोन्नति गर्ने ।
३. कच्ची सडकहरूको नियमित मर्मत, नाली निर्माण, ग्राभेल कार्यलाई निरन्तरता दिने ।
४. सडक मर्मत सम्भार कोष स्थापना गरी नियमित मर्मत प्रणालीलाई संस्थागत गर्ने ।
५. नराकोट, धिताललिही, गोरा भाडगाउँ हुदै छकालेपानी सम्मको सडक यसै वर्ष जोडी जुम्ला सदरमुकाम जाने बोटोको दुरी ३० किलोमिटर छोटो पारीनेछ,
६. नराकोट देखि धापा सम्म कालो पत्रे गरिनेछ ।
७. वडा नं. ४ को बाँओ वडा नं. ६ को काँडागाँउ र जोडु गाउँसम्म बाटोको स्तरोन्नती गरिनेछ ।

**भवन निर्माण**

१. सिंजा गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी पूर्ण रुपमा संचालनमा ल्याइनेछ ।
२. वडा नं. ३ वडा नं. ५ का प्रशासकीय भवन उदघाटन गरी संचालन गरिनेछ ।
३. वडा नं. १ र वडा नं. ४ मा व्यवस्थित वडा कार्यालय भवन निर्माण गरिनेछ ।

**पुल, कल्भर्ट तथा नदी नियन्त्रण**

१. रनुखाना मोटरेवल, कोटेसागु मोटरेवल, रुगाखोला र तरनदेउ पक्की पुल धाँपा खोलामा पक्की निर्माण सम्पन्न गर्ने ।
२. नदी तथा खोलाको कटानबाट जोखिममा परेका बस्ती र कृषि योग्य जमिनको संरक्षणका लागि तटबन्ध, ग्याबियन जाली तथा संरक्षण संरचना निर्माण गर्ने ।

**दिगो खानेपानी तथा सरसफाइ**

१. हाल सम्म २ हजार घरधुरीमा १ घर १ धारा सम्पन्न भई स्वच्छ र सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच पुगेको र बाँकी नयाँ खानेपानी योजना सञ्चालन तथा पुराना योजनाको मर्मत सम्भार गर्न सिंजा उँपालिका खानेपानी बोर्ड गठन गरिनेछ ।
२. खानेपानीको श्रोत कम भएका फुङ्ग्र, माथिबाँओ र डिग्रा गाउँमा जमिन मुनिको पानी ड्रिलगर्न सम्भाव्यता अध्ययन गरी सम्भव भएमा खानेपानी उपलब्ध गराइनेछ ।

३. फोहोर व्यवस्थापन तथा सरसफाइ अभियान सहित आवश्यक पूर्वाधार निर्माण गर्ने ।

४. खानेपानी वितरण प्रणालीको नियमन, पानी महशुल निर्धारण र गुणस्तर मापदण्डको अनुगमनका लागि छुटै कानूनी व्यवस्था गरिनेछ ।

५. सिंजा गाउँपालिकामा सरसफाई सूचक पुरा गरेका वस्तिहरुलाई पूर्ण सरसफाई उन्मुख घोषणा गरिनेछ ।

६. WASH Unit को संगठनात्मक संरचना, आवश्यक जनशक्ति, कार्य जिम्मेवारी तथा दरवन्दि व्यवस्थापन सम्बन्धि प्रस्ताव तयार गरिनेछ ।

७. मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धि विभिन्न समुदाय केन्द्रिय अभियान संचालन गरिनेछ, मर्मत सम्भार कार्यविधिमा पुनरावलोकन Review गरिनेछ ।

## <u>पर्यटन पूर्वाधार विकास</u>

१. सिँजा सभ्यता तथा ऐतिहासिक सम्पदाको संरक्षणका लागि खस सिंजा सभ्याता संग्राहलय संचालनमा ल्याउने ।

२. केदारनाथ धार्मिक मेलालाई निरन्तरता दिदै सांस्कृतिक तथा पर्यटकीय स्थलसम्म पहुँच मार्ग स्तरोन्नति गर्ने ।

३. राइके डाँडामा निर्माण भएको नेपालको नक्सामा नेपालको झण्डा निर्माण गरिनेछ र पर्यटकलाई उक्त नक्सा अवलोकन गर्न अगस्तिबाडामा सूचना बोर्ड तथा दृश्यावलोकन स्थल निर्माण गर्ने ।

४. नराकोट बजारमा हरेक महिनाको १ गते खस सभ्याता झल्कीने कला संस्कृती प्रद्रर्शन तथा कृषि हाटबजारलाई निरन्तरता दिइनेछ ।

५. रारा राजमार्ग आसपासका वस्तीहरुमा कोसेली घर, स्थानीय होमस्टे तथा पर्यटन व्यवसायसँग सम्बन्धित पूर्वाधार विकासमा सहकार्य गर्ने ।

६. खस भाषा संस्कृती र सभ्याता संग जोडिएका स्थानीय कलाकृती निर्माण तथा रचनालाई प्रोत्साहीत गरिनेछ र ति कलाकृतिहरुलाई देश तथा विदेशका संग्राहलयमा राखिनेछ ।

७. २०८१ साल देखि नराकोट बजारमा मनाइदै आएको भाद्र कृष्ण अष्टमि जात्रालाई निरन्तरता दिइनेछ ।

८. परमपरा देखि समुदायले मनाउदै आएका र सिंजा गाउँपालिका द्धारा घोषणा गरिएका मौलिक पर्वहरु ( साउन १ गते खस नयाँ वर्ष, भदौ १० गते स्याउँ दिवस, कार्तिक ६ गते तागा दिवस, पुस पूर्णिमामा पर्ने सानी भैलि र आँउसीमा पर्ने ठुलिभैली, फागुन १२ गते कोईरा दिवस, चैत्र १२ गते मार्सी धान दिवस, बैसाख १ गते तागा दिवस, असार मशान्तमा पर्ने काँफल दिवस) लाई व्यापक प्रचारप्रसार गरिनेछ ।

९. सिंजामा रहेका पुरातात्तिक वस्तुहरुको अभिलेख तयारपारी ति वस्तुहरुको संरक्षण गरिनेछ

१०. सिंजामा मनाइने मष्टो तथा अन्य देविदेउताहरुको पुँजा, पैठ, धमेलोलगायतका अनुष्ठानहरुको संरक्षण तथा प्रर्वद्धन गरिनेछ ।

## डिजिटल पूर्वाधार तथा सूचना प्रविधि

१. सार्वजनिक सम्पत्ति तथा पूर्वाधारहरूको डिजिटल अभिलेख तयार गर्ने ।

२. पालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य कार्यालयबाट प्रवाहगरिने सेवाहरुलाई डिजिटल बनाइनेछ यसका लागि आवश्यक उपकर तथा सफ्टवयरहरुको व्यवस्था गरिनेछ ।

३. GIS आधारित पूर्वाधार व्यवस्थापन प्रणाली विकास गर्ने ।

## साझेदारी संस्थाहरु तर्फका नीति तथा कार्यक्रमहरु

आत्म सम्मानका लागि सहकार्य (CAD), PACE-NEPAL, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपाल र सर्बोदय बिकासका लागि अभियान नेपाल जुम्ला लगायतका गैर सरकारी संस्थाहरु संग आवश्यक समन्वय गरी स्वास्थ्य, शिक्षा, कृषि र रोजगारी, बालबालिका महिला लगायत लक्षित वर्ग उत्थानका लागि साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

**धन्यवाद**